"गुणस्तरीय, आर्थिक, भौतिक, सामाजिक पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट"

## पाँचौं गाउँसभा बैठकमा २०७६ साल असार ६ गते शुक्रबार गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर जि.सी.ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

## रिब्दीकोट गाउँपालिका

### खस्यौली, पाल्पा

### ५ नं प्रदेश, नेपाल

### २०७६

**श्रद्धेय उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र उपस्थित पत्रकार महानुभावहरु**

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट निर्मित नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको प्रमुखको रुपमा आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

सर्वप्रथम यस महत्वपूर्ण घडीमा युगान्तकारी परिवर्तनका संवाहक ती वीर सहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहान्छु, जसको त्याग र बलिदानका कारण नागरिकका अधिकारहरु स्थापित भएका छन्, मुलक गणतन्त्र, विकास र समृद्धिको नयाँ युगमा प्रवेश गरेको छ ।

रिब्दीकोट गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यताहरुप्रति प्रतिवद्ध रहँदै गाउँपालिकाको समग्र विकास र सेवा प्रवाहमा सबैसँग समन्वय र सहकार्य गर्दै अघि बढेको यहाँहरु सबैलाई विदितै छ । उत्तरदायित्व, पारदर्शिता, मितव्ययिता र जवाफदेहितालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गर्दै हाम्रा क्रियाकलापहरु पनि सोही बमोजिम संचालन गर्दै आइरहेका छौं ।

स्थानीय सरकारको रुपमा नयाँ संरचनाभित्र काम थालनी गरी विकासको कामलाई अगाडि बढाउने चुनौती सबै क्षेत्रमा थियो । तर उक्त चुनौतीलाई अवसरका रुपमा लिँदै नयाँ कानुन निर्माण गर्ने, विकासको काममा जनताको अपनत्व र सहभागिता जुटाउने, जनतालाई सहज र सरल ढंगले सेवा सुविधा प्रवाह गर्ने, थोरै जनशक्तिबाट पनि कार्यालयको काम कारवाहीलाई व्यवस्थित गर्ने लगायतका महत्वपूर्ण कामहरु यस अवधिमा भएका छन् । गाउँपालिकाको विकास निर्माण लगायतका हरेक कदममा साथ दिने सबैलाई यस महत्वपूर्ण अवसरमा स्मरण गर्न चाहान्छु ।

यस अवधिमा सडक नपुगेका गाउँ टोलसम्म सडकको पहुँच विस्तार, सेतो घर कार्यक्रम अन्तर्गत अधिकांश खरका छाना विस्थापन,कृषि तथा पशुपालनमा प्रोत्साहनका लागि हाते ट्रयाक्टर, कृषि सामाग्रीमा ५०% अनुदान, दुग्धजन्य तथा कृषि जन्य उत्पादनमा उत्पादनका आधारमा नगद अनुदान वितरण जस्ता उल्लेखनीय कार्य गरिएको छ । दिर्घकालीन महत्वका ठूला सडक, खानेपानी आयोजना निर्माण आदिमा प्रदेश तथा संघसँगको सहकार्यमा समपुरक तथा विशेष अनुदान मार्फत साझेदारी गरी विकास कार्यलाई तिव्रता दिईएको छ । कण्टिपोखरा-देउराली-ख्याहा सडक, हार्थोक-बतासे सडक विस्तार, भालुवन, दुद्रुङ तथा चुपुरधारा लिफि्टिङ खानेपानी आयोजना आगामी वर्षभित्रमा सम्पन्न हुने चरणमा छन् ।

सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउन सबै वडा कार्यालयहरुमा वडा सचिवको व्यवस्था गरी जनतालाई सहज रुपमा सेवा प्राप्त गर्ने सुनिश्चितता गरिएको छ । प्रत्येक वडा कार्यालयहरुमा इन्टरनेट जडान गरी अनलाईन प्रणालीलाई अवलम्बन गर्ने प्रयास गरिएको छ ।

जनताको चाहना र भावना अनुसार विकास निर्माण र सेवाप्रवाहलाई अघि बढाउने कार्य गरिएको छ । जन आकंक्षा र आवश्यकता बमोजिम नीति निर्माण र विकास निर्माणको अगुवाई, अनुगमन र नियमन गर्ने कार्यलाई तिव्रता दिई जनताको सुखदुःखमा अभिभाकत्व प्रदान गर्दै गाउँगाउँमा सिंहदरबारको अनुभूति गराउने प्रयास भएको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७६।०७७ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु यस गरिमामय सभामा पेश गर्न चाहान्छु ।

## १. आर्थिक विकास :

### कृषि तथा पशु

- कृषि पेशालाई व्यवसायिक र सम्मानित पेशाको रुपमा विकास गर्ने नीति लिईने छ ।
- **एक गाउँ एक उत्पादनका** लागि सम्भाव्यता अध्ययन गरी **पकेट क्षेत्र निर्धारण गरिने** छ ।
- मौरीपालन, च्याउ खेती, फलफूल तथा तरकारी खेती, तथा आधुनिक कृषि औजार एवं उपकरणमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान, कृषक समूहलाई प्रोत्साहन गरिने छ ।
- कृषि क्षेत्रमा रहेको बेरोजगारीको अवस्थालाई अन्त्य गर्न परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक र आधुनिक बनाउँदै कृषि क्षेत्रमा स्वरोजगारीका अवसर सिर्जना गरिने छ ।
- उत्पादनका आधारमा कृषकहरुलाई दिईदै आएको नगद अनुदानलाई क्रमशः विस्तार गरिदैं लगिने छ ।
- रैथाने उत्पादनलाई **कोसेली घर**मार्फत विक्री वितरणको लागि आवश्यक व्यवस्था गरिने छ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि प्राबिधिक सेवा सर्बसुलभ रुपमा प्रदान गरी कृषकहरुलाई सक्षम गराईने छ ।
- व्यवसायिक किसान, महिला सहकारी संघसंस्था लगायतलाई सुलभ व्याजदरमा कृषि ऋण प्रदान गर्ने व्यवस्था मिलाउन गा.पा.भित्रका वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- **एक घर एक करेसाबारी**को नीति अवलम्बन गरिने छ ।
- विशेष सम्भावना भएका कृषि वाली र तुरुन्तै प्रतिफल लिन सकिने कृषि उत्पादनको बजारीकरणको व्यवस्था मिलाईने छ ।
- कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा कृषि तथा पशु विकासका कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- पशुपालन व्यवसायमा थप अनुदानका कार्यक्रम ल्याई दुग्धजन्य उत्पादन तथा मासुमा आत्मनिर्भर बनाउनुका साथै निर्यात गर्न सक्ने अवस्थाको सिर्जना गरिने छ ।
- दिगो कृषि विकास, जैविक विबिधता, अर्गानिक खेती प्रणाली तथा प्राकृतिक श्रोत तथा बाताबरण संरक्षण बिच सन्तुलन कायम राख्ने नीति लिईने छ ।
- कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाई कार्यक्रम संचालन गरी सिंचित क्षेत्रफललाई उत्पादनमुखी बनाईने छ ।
- पशु उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन नश्ल सुधार कार्यक्मलाई निरन्तरता दिईने छ ।

- व्यवसायिक पशुपालनतर्फ आकर्षित गर्न **विशेष अनुदानमा पाडा पाडी वितरण** गरी युवायुवतीहरुलाई गाउँभित्रै स्वरोजगार बनाईने छ ।
- पशुपालक कृषकहरुलाई पशुधन सुरक्षणका माध्यमद्धारा पशु बिमा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- दलित, आर्थिक रुपले अति विपन्न र एकल महिलाहरुलाई सिप तथा क्षमता विकास गरी आयआर्जन गर्न अभिप्रेरित गर्ने कार्यक्रम संचालन गरिने छ ।
- कफी, अलैची, आलु, केरा, कागती, टिमुर, फलफूल, तरकारी, च्याउ खेतीलाइ प्रश्रय दिने कार्यक्रम सञ्चालन गरिने छ ।
- श्रममा आधारित काम गर्न इच्छुक व्यक्तिहरुलाई कामको सुनिश्चितता गरिनेछ ।

## उद्योग तथा वाणिज्य

- **"हामी सबैको चाहनाः साना तथा मझौला उद्योगमार्फत रोजगारीको सृजना"** भन्ने अभियानलाई मूर्त रुप दिन गाउँपालिकाभित्र औद्योगिक ग्रामको स्थापना गरिने छ ।
- गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गर्ने नीति लिईने छ ।
- स्थानीय स्रोत साधन तथा सीप र प्रविधिमा आधारित **साना तथा घरेलु उद्योग स्थापनाका लागि अनुदानको व्यवस्था** मिलाईने छ ।
- उपभोक्ता हितको संरक्षण गर्न समय समयमा बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- घरेलु तथा साना उद्यमीलाई सीप र व्यवसाय प्रवर्द्धनका माध्यमद्बारा उद्यमका रुपमा विकास गर्न सहजीकरण गरिने छ ।

## पर्यटन :

- पर्यटनको विकास मार्फत रोजगारी सृजना गरी समृद्ध रिब्दीकोट निर्माण गर्न **वि.स. २०७७ लाई रिब्दीकोट पर्यटन वर्षको** रुपमा मनाईने छ ।
- विद्यमान पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धन तथा थप पर्यटकीय स्थलहरुको पहिचान मार्फत पर्यटन विकास गर्ने उद्धेश्यले पर्यटन गुरुयोजनाको निर्माण गरिने छ ।
- होमस्टे सञ्चालनका लागि निजी क्षेत्र तथा स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ ।
- जलेश्वर मन्दिर क्षेत्रलाई धार्मिक स्थलका साथै जडिबुटी उद्यानको निर्माण गरी उक्त क्षेत्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गरिने छ ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थान छनोट गरी पिक्निक स्पटको निर्माण गरिने छ ।
- सांस्कृतिक तथा धार्मिक पर्यटनका लागि लुम्बिनी-जलेश्वर-भैरवस्थान हुदै पाणिनी तपोभूमि तथा ऋषिकेश क्षेत्र मार्ग अध्ययन र थप पदमार्ग निर्माणका लागि प्रदेश तथा संघसंग सहकार्य गर्ने नीति लिईने छ ।
- रुपन्देहीको सैनामैना-पाल्पाको तिनाउ-रिब्दीकोट हुँदै कालिगण्डकी करिडोरसम्म जोड्ने **सेनकालिन सभ्यता, संस्कृति युक्त मार्ग विकास गर्न सहकार्य र अध्ययन गरिने छ ।**

## २. सामाजिक विकासः

**शिक्षा :**

- **"गुणस्तरीय शिक्षा : हाम्रो अभिभाारा"** भन्ने मान्यताका साथ विद्यालय शिक्षाको सुधारका लागि स्पष्ट दृष्टिकोण र प्रतिवद्धता सहित गाउँपालिकाभित्रका सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचबाट बाहिर नरहने अवस्थाको सुनिश्चितता गरिने छ, आर्थिक रुपले अति विपन्न वर्गका लागि विशेष सहुलियतको व्यवस्था गरिने छ ।
- विद्यालय व्यवस्थापनका समग्र पक्षमा सुधार ल्याई बालमैत्री एवं अपांगमैत्री संरचना निर्माणमा विशेष जोड दिईने छ ।
- शिक्षकहरुको शिक्षण सिकाई क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिईदै लगिने छ ।
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक तथा भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग विस्तार गरिने छ ।
- संस्थागत तथा सामुदायिक विद्यालयहरुको पठनपाठनलाई एकरुपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरुबीच सहकार्य एवं पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरुपता कायम गर्न जोड दिईने छ ।
- गाउँपालिकाभित्रका सबै बालबालिकाहरुलाई शिक्षाको पहुँचबाट बाहिर नरहने अवस्थाको सुनिश्चितता गरिने छ, आर्थिक रुपले अति विपन्न वर्गका लागि विशेष सहुलियतको व्यवस्था गरिने छ ।
- सरोकारवाला सवैको संलग्नता एवं सहकार्यमा गाउँपालिकाको मौलिक कला सस्कृति, परम्परा एवं विविध पक्ष समेटी **स्थानीय पाठ्यक्रमको विकास** गरी लागू गरिने छ ।
- वालविकास केन्द्रको सुधार गर्नुको साथै तालिम प्राप्त जनशक्तिको व्यवस्था गरिने छ ।
- बालअधिकारको सुनिस्चितताका लागि बालक्लव गठन र परिचालन गर्न गैरसरकारी संस्था संगको सहकार्यलाई निरन्तरता दिईने छ, जसवाट बालबालिकाहरुको शिक्षामा पहुँच वढ्नुका साथै पढाइमा निरन्तरता गर्नमा मद्धत पुग्नेछ ।
- विद्यालय भौतिक निर्माण सुधारका अलावा गुणस्तर सुधारका लागि शिक्षक तालिम र समुदाय सचेतना कार्यक्रमको माध्यमवाट विद्यालय वातावरणमा सुधार ल्याइ सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुर्याइने छ ।
- गाउँपालिका स्तरमा **उत्कृष्ट विद्यालय/विद्यार्थी/शिक्षक र अभिभावकहरु समेतलाई पुरस्कृत गर्ने** प्रणालीलाई यसै वर्षदेखि अवलम्बन गरिने छ ।
- क्रमागत रुपमा अग्रेंजी माध्यमलाई अनिवार्य गर्दै लगिने छ ।
- गाउँपालिकामा व्यवसायिक प्राविधिक उच्च शिक्षालय स्थापनामा जोड दिईने छ ।
- अपाङ्गहरुलाई सीपमुलक र व्यवहारीक शिक्षा प्रदान गर्न प्रयत्न गरीने छ ।
- **विद्यार्थी साह्रै न्युन भएका विद्यालयहरुलाई आवश्यकता अनुसार Merge गर्दै लैजाने नीति लाई निरन्तरता दिईने छ ।**
- विपन्न र अल्पसंख्यक जनजाती बहुल क्षेत्रको विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने नीतिको निरन्तरता रहने छ ।
- साक्षरता अभियानलाई प्रभावकारी वनाईने छ ।
- तुलनात्मक रुपमा शैक्षिक स्तर कम हुने विषयहरु गणित र विज्ञान विषयको स्तर सुधारका लागि अध्ययन गरी सोही बमोजिम सुधारका प्रयासहरु गरिनेछ ।
- **विद्यालयमा विद्यार्थी टिकाउने र सिकाई कार्य प्रभावकारी बनाउन जोड दिईनेछ ।**

- **गाउँपालिकास्तरको आवासिय विद्यालय सञ्चालनका लागि अध्ययन गरिनेछ।**
- SEE मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गरिने छ।
- पालिका स्तरीय क्याम्पस संचालन र सो को स्थायित्वका लागि प्रदेश सरकारसँग विशेष पहल एवं सहकार्य र समन्वय गरिनेछ।

**स्वास्थ्य :**

- **स्वस्थ गाउँवासी : स्वस्थ गाउँपालिका** को अभियानलाई सफल पार्न प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गरिने छ।
- सुरक्षित गर्भपतन सम्बन्धी अभिमूखीकरण तालिम संचालन गरिने छ।
- LMIS तालिम संचालन गरी औषधी व्यवस्थापनका प्रणालीलाई सुदृढ बनाईने छ।
- Birthing Center मा सुत्केरी हुने महिलाहरुलाई दिईदै आएको **थप प्रसुती भत्तालाई निरन्तरता दिईने छ। फेकमा निर्मित** Birthing Center लाई यसै आर्थिक वर्षदेखि संचालनमा ल्याइने छ।
- वाल पोषण शिक्षा तथा वृद्धि अनुगमनमा जोड दिईने छ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका अन्य वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गर्दै लगिनेछ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्नुका साथै प्रत्येक विद्यालयलाई First Aid Box उपलब्ध गराईने छ।
- **स्वास्थ्य संस्थाहरुमा यसै वर्ष विद्युतीय हाजिरी प्रयोगमा ल्याईने छ, Online Reporting पद्धतिलाई समेत यसै आ.व. देखि कार्यान्वयनमा ल्याइने छ।**
- **क्यान्सर, मुटुरोग आदिबाट पिडित विरामीहरुलाई दिईदै आएको आर्थिक सहायतालाई वृद्धि गरिने छ।**
- ६० वर्ष नाघेका महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक विदाई गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- पुर्ण खोपको सुनिश्चितता गरिने छ, स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गर्न आवश्यक कदम चालिने छ।
- सुरक्षित मातृत्व सुनिश्चित गर्न शुन्य होम डेलिभरी अभियान संचालन गरिने छ।
- स्वास्थ्य संस्थाहरुमा औषधीको अभाव हुन दिईने छैन, पर्याप्त जनशक्तिको व्यवस्था गरी जनताले सहज रुपमा स्वास्थ्य सेवा लिन सक्ने अवस्थाको सृजना गरिने छ।
- स्वास्थ्य संस्थाहरुको समयमै मर्मत एवं स्तरोन्नति गर्दै लगिने छ।
- धुम्रपान तथा मद्यपानलाई नियन्त्रण गर्न प्रचारात्मक तथा निरोधात्मक उपाय अवलम्बन गरिनेछ।
- गाउँपालिका स्तरीय सुविधा सम्पन्न अस्पताल निर्माण गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिने छ।

**महिला तथा बालबालिका :**

- **हिंसामुक्त समाज : सुखी र सुसभ्य समाज** भन्ने मान्यताका साथ घरेलु हिंसामुक्त गाउँपालिका निर्माणका लागि अभियान संचालन गरिने छ।

- गरीब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपांगता भएका महिला, वञ्चितीमा परेका सबै समुदायका महिलाहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम संचालन गरिने छ ।
- **महिलालाई व्यवसाय संचालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा अनुदान विशेष कार्यक्रम संचालन गरिने छ ।**
- **बालबिवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निरोधात्मक र दण्डात्मक नीति अवलम्बन गरिने छ ।**
- समाजमा व्याप्त दाइजो, छुवाछुत जस्ता कुरीति र कुप्रथा अन्त्य गर्न सचेतनामुलक सामाजिक जागरण कार्यक्रम संचालन गरिने छ ।
- बालबालिकामाथि हुने शारीरिक, मानसिक दण्ड सजाय तथा यौनजन्य दुर्व्यवहार अन्त्य गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- बालअधिकार, बालमैत्री स्थानीय शासन र बाल संवेदनशीलता अभिवृद्धि सम्बन्धी सरोकारवाला निकायबिच अभिमूखीकरण तथा क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।
- बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार ताथ बालअधिकार सम्बन्धी सूचकहरु पुरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिने छ ।
- बालक्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा संचालनलाई विस्तार गरिने छ ।
- अपांगता भएका विशेषः बौद्धिक अपांगता भएका बालबालिकाहरुको उपचार सेवालाई प्राथमिकता दिदैं त्यस्तो सेवालाइ सहज र प्रभावकारी बनाईने छ ।
- जुनसुकै क्षेत्रमा कार्यरत बाल श्रमिकहरुको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुर्नस्थापना गरिने छ ।
- **टुहुरा/असहाय र जोखिममा परेका बालवालिकाको उद्दार, पुनस्थापन र पुर्नएकिकरणमा जोड दिईने छ ।**
- **गाउँपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोवास गरिरहेका SEE उत्तिर्ण जेहेन्दार दलित छात्राहरु (प्रति वडा १ जना मा नबढ्ने गरी) लाई प्राविधिक शिक्षा (१५/१८ महिने) अध्ययनका लागि दिईदै आएको अध्ययन शुल्कको ५०% छात्रबृत्ति लाई निरन्तरता दिईने छ ।**

**अपांगता तथा अन्य :**

- अपाङ्गता भएका ब्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिका तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्गमैत्री वनाउँदै लगिनेछ ।
- अपांगता भएका व्यक्तिहरुका लागि क्षमता विकास र रोजगारीका कार्यक्रमहरु संचालन गरिने छ ।
- अपांगता भएका व्यक्ति प्रति गरिने विभिन्न प्रकारका विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गरिने छ ।
- अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरणका लागि वडा वडामा घुम्ती शिविर संचालन गरिने छ ।

**खानेपानी :**

- खानेपानीका निर्माणाधिन आयोजनाहरुलाई आगामी वर्षभित्रै सम्पन्न गर्ने प्रयास गरिनेछ भने पुराना आयोजनाहरुको मर्मत एवं पुनर्स्थापनालाई पनि संगसंगै लगिने छ ।

- **“एक घर एक धाराको”** नीतिलाई अवलम्वन गर्दै स्वच्छ खानेपानीमा सबैको पहुँच सुनिश्चित गरिने छ । मझौला लिफ्टिङ्ग खानेपानी योजनामा जोड दिईनेछ ।
- खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई मर्मत संभार तालिम प्रदान गरिने छ ।

**सामाजिक सुरक्षाः**

- **“जेष्ठ नागरिक समाजका बोझ होइनन्, बरु अमूल्य सम्पत्ति हुन्”** भन्ने मान्यताका साथ जेष्ठ नागरिकले समाजमा पुऱ्याएको योगदानका आधारमा विशेष सम्मान र अभिनन्दनका कार्यक्रमहरु गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई आगामी वर्षदेखि वैकिङ्ग प्रणालीमार्फत वितरण गर्ने प्रक्रिया शुरु गरिने छ, ज्येष्ठ नागरिक र पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई घरघरमै पुगेर भत्ता उपलब्ध गराइने छ ।
- जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम गरिने छ ।
- जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक समाज, दिवा सेवा केन्द्र तथा डबलीको संचालन गरिने छ ।
- **स्वास्थ्य विमा कार्यक्रम लक्षित वर्गमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।**
- **अव**सरको समान उपभोग गर्नबाट वञ्चित दलित, लगायत अन्य अति विपन्न तथा पिछडिएका समुदायले अपनाई आएको परम्परागत पेशालाई आधुनिकीकरण गरी उनीहरुको रोजगारी, आयआर्जन तथा जीवनयापनमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ ।

**खेलकुद :**

- कुसुमखोलामा निर्माणाधिन खेलकुद मैदानलाई आगामी वर्ष सम्पन्न गरी बाह्रै महिना खेलकुद गतिविधि संचालन गर्न लायक बनाईने छ । गा.पा.भित्रका अन्य खेलकुद मैदानहरुको समेत मर्मत र स्तरोन्नति गर्दै लगिने छ ।
- खेलकुद क्षेत्रको विकासका लागि गा.पा. स्तरीय खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।
- गा.पा.भित्रका प्रतिभावान खेलाडीहरुलाई सम्मान, पुरस्कृत र प्रोत्साहित गर्ने नीति लिईने छ ।

**धर्म संस्कृति**

- स्थानीय भाषा, धर्म, कला संस्कृतिको संरक्षणका लागि सरोकारवालासँगको सहकार्यमा प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गरिने छ ।
- गाउँपालिकाभित्रका आदिवासी जनजाति लगायत लोपोन्मुख जातिका भाषा, धर्म तथा संस्कृति संरक्षणका लागि स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने गरी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**३. वातावरण तथा विपद् व्यवस्थापन :**

- **यस रिब्दीकोट गाउँपालिका भित्र जलेश्वर मन्दिर परिसरमा निर्माणाधिन जडीवुटी उद्यानलाई सम्पन्न गरिने छ भने सोही स्थानमा फलफूल, लगायत अन्य विरुवाको उत्पादन विस्तारका लागि नर्सरीको समेत स्थापना गरिने छ ।**
- टिमुर, तेजपात, अम्रिसो, किवी, दाते ओखर, एभोकाडो, कुरिलो खेतीलाई **पकेट क्षेत्र** तोकी विस्तार गरिने छ, जडिबुटी तथा सुगन्धित वनस्पतिको व्यवसायिक खेतीलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विरुवा उत्पादन, र नीजि तथा सामुदायिक वनमा अन्य खाली तथा वाँझो जग्गामा ब्यापक वृक्षारोपण कार्यलाई **प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश गरी** वन तथा

पशुजन्य उत्पादन तथा उत्पादकत्व वढाउने कार्य गरिने छ । आवश्यकता अनुसार सरोकारवाला कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरिने छ।

- जलवायू परिवर्तनका कारण सिर्जित असरहरुलाई न्यूनिकरण गर्न तथा पानीका मूहानहरु संरक्षण गर्न **एक वडा बहु पोखरी** निर्माण गर्ने कार्यलाई यो वर्ष पनि निरन्तरता दिईने छ ।
- सार्वजानिक जग्गाहरुको उचित संरक्षण गर्न वडा कार्यालय मार्फत लगत संकलन गरी त्यस्ता जग्गाको उचित संरक्षण गरिने छ । खाली जग्गामा वृक्षारोपण गर्ने कार्यलाई पनि तिब्रता दिईने छ ।
- सवारी साधनबाट **सडकमा कुनै किसिमको फोहर फाल्न प्रतिवन्ध** गरी सुरक्षा निकायसँगको सहकार्यमा कडाइका साथ पालना गराईने छ ।
- प्लाष्टिकजन्य पदार्थहरुको उपयोगलाई निरुत्साहित गरिनेछ । वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको प्रयोग गर्न प्रेरित गर्दै गाउँपालिकाभित्र उपयुक्त स्थानको पहिचान गरी **फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्न सम्भाव्यता अध्ययन** गरिनेछ ।
- जैविक विविधताको संरक्षण र संवर्द्धनमा विशेष जोड दिइनेछ । वनविनास, डढेलो नियन्त्रणका लागि वन कार्यालय तथा समुदायसँग समेत सहकार्य गरिनेछ ।
- **विपद् व्यवस्थापन कोषलाई बढाउँदै लगिनेछ । साथै सो कोषको रकम दैवी प्रकोप तथा विपद् व्यवस्थापन, उद्धारमा कार्यविधि र मापदण्डका आधारमा न्यायोचित तरिकाले खर्च गरिने छ ।**
- पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउनका लागि पुर्ण सरसफाई अभियान निरन्तर गरिने छ र **कम्तीमा २ वटा वडालाई आगामी वर्ष पूर्ण सरसफाईयुक्त वडा घोषणा गरिने छ ।**
- गाउपालिका भित्र रहेका पानीको मुल संरक्षण तथा जलाधार संरक्षणका लागि मुल भएको क्षेत्र वरिपरि वृक्षारोपण गर्ने कार्यलाई व्यापक बनाईनेछ । नदी तथा खहरे र भु-संरक्षणलाई प्राथमिकता दिईने छ ।
- गुठी जग्गाको सदुपयोग गरी उत्पादन बढाउने काममा ध्यान दिइनेछ ।
- गाउँपालिकाका भित्रका विभिन्न प्रकारका गुठीहरुको लगत/तथ्यांक संकलन गरी गुठीहरुको संरक्षण गरिनेछ ।
- प्रदेश सरकारको नीति अनुरुप गुठीसँग सम्बन्धित मठमन्दिरहरुको व्यवस्थापन गर्दै जाने र पुस्तौदेखि भोगचलन गर्दै आएका गुठी जग्गावालाहरुको आवश्यकता र औचित्यता हेरी त्यस्ता जग्गाहरुलाई रैकर गर्दै लैजान आवश्यक पहल गरिनेछ ।

## ४. पूर्वाधार विकास :

### सडक :

- वर्षायाममा पहिरोका साथै अन्य अवरोधका कारण वाटो अवरुद्ध हुन नदिन आवश्यक व्यवस्था गरी २४सै घण्टा सडक सुचारु हुने व्यवस्था मिलाईने छ ।
- पुराना सडकहरुको स्तरोन्नतिलाई विशेष जोड दिई क्रमागत सडकलाई पुरा गर्ने र सडकको नयाँ ट्र्याक अत्यावश्यक बाहेक नखोल्ने नीति लिईनेछ ।
- निर्माणधिन झोलुङ्गे पुलहरुलाई सम्पन्न गरिनेछ भने अत्यावश्यक ठाउँमा झोलुंगे पुलको निर्माणका लागि पहल गरिनेछ ।
- भुकम्प पछिको पुनर्निमाणलाई छिटो टुङ्ग्याउन सहजीकरण गरिने छ ।
- सडक गुरुयोजना तयार गरी सोही वमोजिम सडक निर्माण कार्य अगाडि वढाईने छ ।
- गाउँपालिका क्षेत्रका कमजोर सडकहरुको नियमित मर्मत, आवद्यिक मर्मत र स्तरोन्नती गरिनेछ।
- **गाउँपालिकाका सबै वडालाई गाउँपालिकाको केन्द्रसंग बाह्रै महिना संचालन हुने गरी स्तरोन्नति र आवश्यकता र औचित्यका आधारमा ससाना टुक्रा ढलान तथा कालोपत्रे गर्ने नीति लिइनेछ ।**

- साघुँरा सडकलाई खुल्ला र फाराकिलो वनाई दिर्घकालीन सडक सबलीकरण गर्ने तथा सडकको राष्ट्रिय मापदण्ड पुर्ण रुपमा पालना गराईने छ ।
- **रिब्दीकोट गाउँपालिकाको Hill Ringroad का बाँकी अंशहरु पुरा गरी स्तरोन्नत्तिमा जोड दिईनेछ ।**
- **ख्याहा-अर्गली, फेक- आर्यफान जुठासम्म सडक विस्तार गर्न छिमेकी स्थानीय तहसँग सहकार्य गरी कार्य अघि बढाइने छ।**
- सडक निर्माण गर्दा अनिवार्य रुपमा नाली सहितको सडक निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।

**विद्युत :**

- गाउँपालिकाभित्र काठका पोलरहित विद्युतीकरणको व्यवस्था मिलाईनेछ, कम क्षमताको ट्रान्सफर्मरका कारण विद्युतीय उतारचढावलाई न्यूनिकरण गर्न क्षमतायुक्त ट्रान्सफर्मर जोडी बारम्बार विद्युत कटौती तथा कम आपुर्ति हुने समस्यालाई समाधान गरिनेछ ।
- **उज्यालो रिब्दीकोट कार्यक्रम र सौर्य उर्जाको विस्तारलाई** आगामी वर्ष पनि निरन्तरता दिइने छ ।
- वायु उर्जा, पोल्ट्रिक सेट वा साना खालका जलविद्युतहरुको सम्भाव्यता अध्ययन, अन्य निकायहरुसँग साझेदारी, संस्थापक शेयरका रुपमा लगानी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**सिंचाई :**

- साना सिंचाई आयोजनाहरुलाई आगामी वर्ष कार्यन्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिईने छ साथै मझौला र ठुला सिंचाई योजनाको हकमा सिंचाई डिभिजन कार्यालय र केन्द्रमा अनुरोध गरिने छ ।
- सिंचाई सुविधा नपुगेका खेती योग्य जमिनमा सिंचाईको प्रबन्ध गरिनेछ ।

**भौतिक पूर्वाधार तथा संरचना निर्माण:**

- **आगामी आ.व.भित्रमा सबै वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गरी सेवाप्रवाहलाई चुस्त बनाईने छ ।**
- **गाउँपालिकाको बहुउद्धेश्यीय सभाहल, खेलकुद मैदान, बतासे सभाहल जस्ता ठूला संरचनाहरुलाई आगामी वर्षभित्रै पूर्णता दिइनेछ ।**
- भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यका लागि नक्सा पास कार्यलाई अनिवार्य बनाईनेछ ।

**सञ्चार तथा सूचना प्रविधि :**

- जनताको सू-सूचित हुन पाउने हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यहरुको गाउँपालिकाको website, facebook, twitter, Mobile Apps, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, गाउँपालिका दर्पण प्रकाशन लगायतका माध्यमबाट सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- रेडियो, पत्रपत्रीका, टेलिभिजन मार्फत गाउँपालिकका सवै सूचना प्रसारणका लागि स्थानीय मिडियाहरुसँग सहकार्य गर्दै पाक्षिक रुपमा गाउँपालिकाका गतिविधि समेटिएको कार्यक्रम निरन्तर प्रसारण गर्ने व्यवस्था मिलाईनेछ ।
- लोककल्याणकारी, सूचनामूलक र अन्य विज्ञापनहरुको प्रकाशनमा स्थानिय पत्रपत्रिका तथा रेडियोहरुलाई समानुपातिक रुपमा उपयोगमा गर्ने नीति लिईनेछ ।

- **सवै वडा कार्यालयहरुलाई सुचना प्रविधिमैत्री वनाई अनलाईन घटना दर्ता कार्यलाई आगामी आर्थिक वर्षदेखि शुरुवात गरिनेछ । सबै वडामा इन्टरनेट र ब्याकअपको सुनिश्चितता गरिनेछ ।**
- **E-Attendance प्रणालीलाई वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।**
- **योजना, जिन्सी व्यवस्थापन, लेखा तथा कर प्रणालीलाई सफ्टवेयरमा आधारित बनाइनेछ ।**

**५. सार्वजानिक सेवा, क्षमता विकास :**

- सवै वडा कार्यालयहरुमा पर्याप्त कर्मचारीहरुको व्यवस्था गरी सेवाप्रवाहलाई जनताले महसुस गर्ने गरी चुस्त, छिटोछरितो र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्यलाई यसै वर्ष सम्पन्न गरी योजनाबद्ध विकासमा जोड दिइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै सबैले देख्न र बुझ्न सक्ने गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याई सेवाप्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यकता अनुसार तालिम, अवलोकन भ्रमण आदिको व्यवस्था गरिनेछ ॥

**६. वित्तिय व्यवस्थापन र सुशासन**

**१. राजश्व परिचालन :**

- **"हाम्रो कर : हाम्रै विकास" भन्ने अभियान संचालन गरी कर तिर्न प्रोत्साहन गर्दै सबैलाई करको दायरामा ल्याईनेछ ।**
- **राजस्व सम्भाव्यता अध्ययन गरी करका दर तथा दायरा पुनरावलोकन गरिनेछ । कर प्रणालीलाई बैज्ञानिक, बस्तुनिष्ठ र व्यवहारिक बनाईनेछ ।**
- समयमा कर तिर्ने बानीको विकास गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने र समयमा कर नतिर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।
- सम्पत्ति कर व्यवस्थापनलाई बैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाईने छ साथै अन्य कर प्रणालीलाई पनि थप व्यवस्थित बनाईने छ ।

**२. वित्तिय अनुशासन र सुशासन :**

- **मितव्ययिता र पारदर्शितालाई मूलमन्त्र** बनाउँदै वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त र पारदर्शी बनाईने छ ।
- अत्यावश्यक र उपलब्धिमुलक तालिम, गोष्ठी, कार्यक्रमहरु मात्र संचालन गर्ने र त्यस्ता कार्यक्रमहरु संचालन गर्दा **मितव्ययिता अपाउने नीतिलाई** निरन्तरता दिईने छ ।
- सुशासन प्रबर्द्धन गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी मध्ये १ जनालाई निजामती सेवा दिवसका दिन पुरस्कृत गर्ने परिपाटीको विकास आगामी वर्षदेखि सुरुवात गरिने छ ।
- सार्वजनिक खरीद ऐन, नियमावली तथा आर्थिक ऐनको अधिनमा रही आर्थिक क्रियाकलाप संचालन गर्ने र पुँजीगत बजेट खर्चमा देखिँदै आएको समस्यालाई अन्त्य गर्दै पुँजीगत खर्चको

गुणस्तर वृद्धि गर्न **फागुन मसान्तभित्र सम्झौताः वैशाख मसान्तभित्र भुक्तानी**को नीति अंगीकार गरी कडाईका साथ कार्यान्वयन गरिनेछ । सबैभन्दा छिटो कार्यसम्पन्न गर्ने पहिलो, दोस्रो र तेस्रो वडालाई क्रमशः ५ लाख, ३ लाख र २ लाख थप रकमबाट पुरस्कृत गरिने छ । वडागत बजेट वितरणमा सम्बन्धित वडाको बजेट कार्यान्वयनको अवस्था(समयमै कार्य सम्पन्न गरे/नगरेको) लाई आधार बनाईने छ ।

- **म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु** भन्ने प्रतिवद्धतालाई पूर्ण कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयन तथा सेवाप्रवाहमा सदाचारको नीति लिइनेछ ।
- लैंगिक उत्तरदायी वजेट निर्माणमा जोड दिईने छ ।

**गाउँसभा सदस्य ज्युहरु,**

**गुणस्तरीय आर्थिक, सामाजिक, पुर्वाधार विकासको माध्यमद्धारा समृद्ध रिब्दीकोट निर्माण** गर्ने गाउँपालिकाको लक्ष्यलाई नीति तथा कार्यक्रम मार्फत समेट्ने प्रयास गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानी सोही अनुरुप बजेट विनियोजन गर्ने यथासम्भव प्रयास गरिने छ । समृद्ध रिब्दीकोट निर्माण गर्ने हाम्रो अभियानमा प्रस्तुत नीति तथा कार्यक्रमहरु महत्वपूर्ण मार्गदर्शक सिद्धान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमहरु तय गर्दा संघीय सरकार तथा प्रदेश सरकारको नीति, गाउँपालिकाको विद्यमान अवस्था र आवश्यकता, गाउँपालिकाभित्रका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न सामाजिक संघसस्था, नागरिक समाज लगायत आम जनसमुदायवाट उपलब्ध अमूल्य सुझाव सल्लाहहरुलाई यथासम्भव समेट्ने प्रयास गरिएको छ । समृद्ध रिब्दीकोट निर्माण गर्ने अभियानमा अमूल्य सुझाव सल्लाह प्रदान गर्नुहुने, राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक, निजी तथा गैरसरकारी संघसंस्था,सामाजिक अगुवाहरु, नागरिक समाज लगायत सम्पूर्ण रिब्दीकोट गाउँपालिकावासीलाई विशेष धन्यवाद एवं आभार प्रकट गर्दै गाउँपालिकाको वृहत्तर हित र समृद्धिका लागि यहाँहरुको साथ, सहयोग र सहकार्य निरन्तर रहीरहने अपेक्षासमेत गर्दछु ।

धन्यवाद